दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १८ | बुटवल | २०८१ पौष २८, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Jan 12, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## यो सरकारले संविधान संशोधन गर्दैन : घनश्याम



बुटवल । नेकपा एकिकृत समाजवादीका महासचिव घनश्याम भुसालले कांग्रेस र एमाले वर्तमान सरकार सत्ताकै लागि मात्रै बनेको टिप्पणी गरेका छन् । नेकपा एकिकृत समाजावादी रुपन्देहीको शनिबार बुटवलमा बसेको बैठकलाई सम्बोधन गर्दै महासचिव भुसालले सत्ताको स्वार्थसँग जोडिएर बनेको सरकारले केही काम गर्न नसक्ने बताएका हुन् । उनले कांग्रेस र एमालेले संविधान संशोधनको कुरा गरे पनि त्यो गर्नका लागि नभई सत्तामा पुग्नका लागि मात्रै गरिएको बताए । 'संविधानको कुरा या त नसोचेर ल्याए, या त झुक्याउन ल्याए ।'- उनले भने । उनले संविधान सन्तुलित रहेकाले यो संशोधन गर्न दुई दलमात्रै मिलेर सम्भव नै नरहेको बताए । 'हाम्रो संविधान भयंकर सन्तुलन छ, यो संविधान संशोधन कांग्रेस र एमालेले चाहेर मात्रै सम्भव नै छैन ।'- महासविच भुसालले भने ।

उनले संविधान वर्तमान केपि ओली नेतृत्वको सरकार केही पनि काम नगर्नका लागि बनेको बताए ।

» बाँकी ३ पेजमा

## लुम्बिनीकर्मी पोखरेललाई चौतारी पत्रकारिता पुरस्कार



पाल्पा । दैनिक लुम्बिनीका पाल्पा शाखाका संवाददाता कृष्ण पोखरेल प्रेस चौतारी पत्रकारिता पुरस्कारबाट सम्मानित भएका छन् । दैनिक लुम्बिनीकर्मी पोखरेललाई प्रतिक्षा स्मृति पत्रकारिता पुरस्कारबाट प्रदेश स्वास्थ्यमन्त्री खेमबहादुर सारु, पुरस्कारदाता तुलबहादुर अधिकारी प्रेस चौतारीका केन्द्रीय सचिव प्रदिप आचार्य र जिल्ला अध्यक्ष कृष्ण कार्कीले सम्मान पत्र र नगद रकमबाट सम्मान गरेका हुन् । प्रेस चौतारी पाल्पाले अन्य ७ जना पत्रकारहरुलाई पनि पुरस्कृत गरेको छ ।

प्रेस चौतारी पत्रकारिता पुरस्कारबाट पुरस्कृत हुने पत्रकारहरुमा ओमबहादुर घर्तीमगरले स्थापना गरेको भद्रबहादुर स्मृति पत्रकारिता पुरस्कारबाट नारायण न्यौपाने, रामबहादुर राउतले स्थापना गरेको तुलसा/तुलबहादुर स्मृति पत्रकारिता पुरस्कारबाट भुवन रायमाझी, द्धारिकाप्रसाद नेपालले स्थापना गरेको सीतादेवी स्मृति पर्यटन पत्रकारिता पुरस्कारबाट विजय बौडेल, विष्णुबहादुर कार्कीले स्थापना गरेको गीता स्मृति पत्रकारिता पुरस्कारबाट दयाराज न्यौपाने, राजेशकुमार अर्यालले स्थापना गरेको रेडियो पत्रकारिता पुरस्कारबाट गुणवती के.सी.,

» बाँकी ३ पेजमा

# प्रदेश बचत तथा ऋण सहकारी संघमा ऐन कुल्चेर नेतृत्व चयन

**सुशासनलाई मुख्य नारा बनाउने सहकारी अभियान्ताहरुबाटै ऐन विपरीत नेतृत्व चयन र नेतृत्वमा सत्तारुढ कांग्रेस र एमाले निकटबाहेकका व्यक्तिलाई योजनाबद्धरुपमा पाखा लगाइएको भन्दै अधिवेशन विवादित बनेको छ।**






फोन/फ्याक्स नं. : ५५६५३६२
इमेल: info@deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
(प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा)
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०८०/८१
चलानी नं.:-

सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन

प्रकाशित मिति २०८१/०३/१९

सहकारी ऐन, २०७४ को दफा (४१) को उपदफा (५) मा कुनै व्यक्ति एकै समयमा एक मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ भन्ने व्यवस्था रहेकोले सो को पूर्ण परिपालना गर्नुगराउनुहुन यो निर्देशन जारी गरिएको छ। यदि कुनै व्यक्ति दुई वा सो भन्दा बढी संस्थाको सञ्चालक रहेको भए यो निर्देशन जारी भएको ३० दिनभित्र एउटा संस्थाको मात्र सञ्चालक पद कायम राखी अन्यको हकमा त्याग गर्नुपर्नेछ । अन्यथा कानून बमोजिम कारवाही प्रक्रिया अगाडी बढाईनेछ ।

यस सन्दर्भमा सहकारी संस्था भन्नाले संस्था वा संघ सम्झनुपर्दछ र सो शब्दले सहकारी बैंक समेतलाई जनाउँछ । सञ्चालक भन्नाले सहकारी ऐनको दफा (४१) को उपदफा (१) बमोजिमको सञ्चालक समितिको सदस्य सम्झनुपर्दछ र सो शब्दले समितिको पदाधिकारीलाई समेत जनाउँछ ।

**टिआर शर्मा**
*बुटवल*

लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघको चौथो साधारणसभा तथा पहिलो अधिवेशनमा सहकारी ऐनको बर्खिलाप हुने गरी पदाधिकारी चयन गरिएको छ।

बुटवलमा भएको अधिवेशनअन्तर्गत मतदान नगरी शुक्रबार राति निर्विरोध भन्दै घोषणा गरिएको कार्यसमितिको वैधानिकताका विषयमा प्रश्न समेत उठेका छन् ।

दोहोरो जिम्मेवारी हुने व्यक्ति उम्मेदवार बन्न नमिल्ने भन्दै कृष्ण चौहान क्षेत्रीले निर्वाचन समितिमा दाबी विरोध समेत हालेका थिए । केही प्रतिनिधिले मतदानमार्फत् नेतृत्व चयनको माग गरेका थिए । तर निर्वाचन समितिले प्रतिनिधिको माग र सहकारी ऐनलाई कुल्चेर सहमतिको नाममा निर्वाचन नगराई नेतृत्व चयन भएको घोषणा राति ११ बजेतिर गरेको थियो । सहकारी ऐन २०७४ को दफा ४१ को उपदफा ५ ले एउटै व्यक्ति एउटै समयमा सहकारी संघ/संस्थाको दोहोरो जिम्मेवारीमा बस्न नमिल्ने स्पष्ट व्यवस्था गरेको छ। सहकारी विभागले यो विषय सहकारी संघसंस्थाहरुलाई पत्र पठाएरै स्मरण समेत गराएको थियो ।

संघका अध्यक्ष कृष्ण नेपाल अन्यत्र कार्यकारी जिम्मेवारीमा छैनन्, तर वरिष्ठ उपाध्यक्ष ऋषिराम सापकोटा कोलीय देवदह सहकारीका अध्यक्ष हुन् भने महासचिव बसन्तप्रसाद ढकाल बचत तथा ऋण सहकारी संघ रुपन्देहीका अध्यक्ष हुन् । यस्तै सचिवमा निर्वाचित जगदिश भट्टराई जिल्ला बचत तथा ऋण सहकारी संघ पाल्पाका अध्यक्ष हुन् ।

सहकारी अभियान्ताहरुबाटै ऐन विपरीत नेतृत्व चयन र नेतृत्वमा सत्तारुढ नेपाली कांग्रेस र एमालेबाहेकका व्यक्तिलाई योजनाबद्धरुपमा पाखा लगाइएको भन्दै अधिवेशन विवादित बनेको छ। असन्तुष्ट पक्षले ऐन विपरीत नेतृत्व चयन आपत्तिजनक भन्दै कानुनी उपचार खोज्ने समेत बताएका छन् । निर्वाचन प्रक्रिया पारदर्शी र लोकतान्त्रिक विधि अनुरुप नगरी सहकारीको समावेशी सिद्धान्तविपरीत नेपाली कांग्रेस र नेकपा एमाले निकट व्यक्ति मात्र नेतृत्वमा ल्याउने योजनाअनुसार कार्यसमिति चयन गरिएको असन्तुष्ट पक्षको भनाइ छ । निर्वाचन समितिको संयोजकमा नेफ्स्कुन केन्द्रीय सदस्य ज्ञानु पौड्याल थिइन् । तर निर्वाचन प्रकृया सुरु भएपछि उनी निर्वाचन समिति सदस्यहरु प्रकाश भट्टराई र र रामप्रसाद पौडेललाई छाडेर दुई - तीन घण्टा अधिवेशनस्थलबाट गायब भएको प्रतिनिधिहरुको आरोप छ । लुम्बिनी प्रदेशमा बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरु मध्ये रोल्पा र रुकुम बाहेक १० जिल्लाका दुई हजार सहकारी संस्थालाई बाहिर राखेर रुपन्देहीसहित ३-४ जिल्लाका ९४ वटा सहकारी संस्थाको मात्रै प्रतिनिधित्व हुने गरी संघको अधिवेशन भएको असन्तुष्ट पक्षको आरोप छ। संघमा प्रतिनिधित्व गर्ने ९४ सहकारी संस्थाहरुमध्ये रुपन्देहीमा मात्रै ६० वटा छन् ।

निर्वाचन कार्यक्रमअन्तर्गत उम्मेदवारी दर्ता गरेका व्यक्तिलाई दबावमा फिर्ता गर्न र अन्य पदमा उम्मेदवारी दर्ता गर्न लगाइएको, लोकतान्त्रिक विधिअनुसार मतदान गर्नुपर्ने मागविपरीत राति ११ बजेसम्म निर्वाचन नगरी लम्बाइएको प्रतिनिधिहरुको गुनासो छ ।

१९ सञ्चालक समिति र ३ सदस्यीय लेखा समितिमा कांग्रेस र एमाले निकट व्यक्ति मात्रै राखेर सहकारी ऐनको विपरीत दोहोरो जिम्मेवारी हुने गरी नेतृत्व चयन गरिएको भन्दै असन्तष्ट पक्षले कानुनी उपचार खोज्ने तयारी गरेको छ ।

'सहकारी संघलाई जिल्ला तहदेखि नै राजनीतिक अखडा बनाइयो, प्रदेश संघको अधिवेशनमा त सत्तारुढ कांग्रेस र एमालेको सिण्डिकेट नांगोरुपमा देखियो,' लेखा समिति संयोजकका दावेदार रहेका बर्दियाका उदय खत्रीले भने-'कांग्रेस र एमालेका नेताहरुसँग होटेलमा बैठक बसेर, दुई दलबिच पदको भागबण्डा गरेर अरु दल निकटका सहकारीकर्मीलाई सत्ता र शक्तिको आडमा जबरजस्ती पाखा लगाउने काम भयो ।' निर्वाचन समितिले कागजीरुपमा वैधानिक जस्तो देखाए पनि नेतृत्व चयन सहकारी ऐन विपरीत भएकाले यसविरुद्ध कानूनी उपचार खोजिने उनले बताए ।

संघको अध्यक्षमा उम्मेदवारी दर्ता गरेका बुटवलका कृष्ण चौहान क्षेत्रीले दलीय दबाबमा निर्वाचन हुन र नेतृत्वमा जान नदिइएको गुनासो गरे । 'सहकारी जस्तो समावेशी र पूर्ण लोकतान्त्रिक मानिएको संस्थामा चरम राजनीतिक हस्तक्षेप भएपछि मैले अधिवेशनकै दिन आफू आबद्ध नेपाली कांग्रेसको सदस्यता समेत त्यागेको छु,' उनले भने-'सहकारीमा देखिएको यति ठूलो समस्या यस्तै दलीय सिण्डिकेटका कारण हो, नियामक निकायले यो निर्वाचनको छानबिन गर्नुपर्छ ।' कार्यसमिति सदस्यमा उम्मेदवारी दिएका नगेन्द्र पाण्डेले लोकतान्त्रिक विधिअनुसार निर्वाचन गराउनुको साटो कांग्रेस र एमाले बाहेकलाई पाखा लगाउने योजनाअनुसार चार जना सदस्य पदका उम्मेदवारलाई उम्मेदवारी फिर्ता गराउन हारगुहार गरेर राति ११ बजेसम्म सहमतिको नाटक गरिएको बताए ।

» बाँकी ३ पेजमा

# अपाङ्ग बालबालिकालाई पठनपाठनमा समस्या

**प्रतिमा गौतम**
*बुटवल*

'मैले घरको कोठाभित्र बसेर यसरी खाली समय बिताउनु पर्ला भन्ने सोंचेकै थिइन् । कति धेरै सपना थिए । ती सपना पूरा गर्ने आँट र हिम्मत पनि थियो । तर केही पूरा भएन ।'- यो भनाइ हो रुपन्देहीको कञ्चन गाउँपालिका-५ का दृष्टिविहीन रुपेश पौडेलको । २७ वर्षे रुपेश यसो भन्दा भन्दै भक्कानिए । त्यसपछिको धेरै समय बोल्न सकेनन् । धेरैबेरपछि रुपेशले थपे-'दृष्टिविहीन भए पनि अरुकुरामा अशक्त छैन । कि शिक्षक बन्छु, कि प्रविधि सिकेर प्राविधिक बन्छु भन्ने थियो, दुवै चाहना पूरा भएन ।'

रुपेश जन्मदा पूर्ण दृष्टिका थिए । उनले गाउँकै साधारण विद्यालयबाट कक्षा ६ मा उत्तीर्ण गरे, त्यसपछि भने उनको बिस्तारै आँखाको दृष्टि कमजोर हुँदै गयो । बाआमाले बुटवल, भैरहवा, काठमाडौंलगायतका आँखा अस्पतालमा लगेर आँखाको उपचार गराए । तर, आँखाको ज्योति फर्केन । रुपेश आखीर पूर्ण दृष्टिविहीन हुन पुगे । सामान्य विद्यालयमा पढ्न नसक्ने भएपछि रुपेश तिलोत्तमामा रहेको शान्ति नमूना माध्यमिक विद्यालयमा भर्ना भए ।

त्यहीबाटै एसएलसी परीक्षा उत्तीर्ण गरे । रुपेशको सानैदेखि प्राविधिक सीप सिकेर आत्मनिर्भर हुने मन थियो । दृष्टिविहीनलाई उपयुक्त हुने प्राविधिक सीप सिक्ने चाहनाले धेरै स्थान धाए । तर, आफू अनुकुलको व्यवसायिक सीप सिक्ने स्थान भेटाएनन् । यसपछि मन मोडेर शिक्षक बन्ने चाहना लिए । उनलाई बीएडसम्म पढेर शिक्षक बन्ने रहर थियो । घरबाट क्याम्पस आउजाउ गरेर पढ्न सकेनन् । 'सरकारी होस्टेलको पनि व्यवस्था पनि भएन । कोठा भाडामा लिएर अध्ययन गर्ने आर्थिक अवस्था पनि भएन । पढाइ त्यत्तिकै छोडें,' रुपेशले भने-'अहिले काम गर्ने जोश र जाँगर सबै मारेर घरमै थन्किएको छु ।' रुपेशकी आमा शान्ति पौडेलले आर्थिक हैसियत कमजोर हुँदा सन्तानको दुःख हेरेर बस्नु परेको गुनासो गरिन् ।

नेपालको संविधानले शिक्षा प्राप्त गर्न पाउनु हरेक बालबालिकाको मौलिक हक दिएको छ । संविधानको धारा ३१ मा आधारभूत तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य गरेको छ भने माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गरिएको छ । अपाङ्गता भएका बालबालिकाको सवालमा भने उच्च शिक्षासमेत निःशुल्क हुने कानुनी व्यवस्था छ । तर, अपांगता भएकै कारण धेरै बालबालिका शिक्षाको अधिकारबाटै वञ्चित भएका छन् ।

त्यसमध्येका एक हुन्, बुटवल बेलबासका नकुल कार्की । नकुल ८ वर्षका भए । तर, विद्यालय जान अझैं पाएका छैनन् । कारण उनको बौद्धिक क्षमता सामान्य बालबालिकाको भन्दा कमजोर छ । त्यसैले आसपासका विद्यालयले भर्ना लिएनन् । आमा सीता भन्छिन्-'डाक्टरलाई देखाउँदा बौद्धिक अपाङ्गता छ, सुस्तमनस्थिति विद्यालयमा भर्ना गर्नुस् भन्नुहुन्छ । नजिकमा त्यस्तो विद्यालय छैन । टाढा पठाउन सकिएन ।'

सीताले बुटवलको देवीनगरमा रहेको सुस्त मनस्थिति बाल विद्यामन्दिरबारे सुनेकी थिइन् । तर, गाडीको सुविधा नभएपछि विद्यालय पठाउन सकिनन् । 'घरमा एक्लै छु । आफूले काम नगरी खान छैन । भोको पेट भर्नै पऱ्यो,' सीताले भनिन्-'दिनहुँ विद्यालय ल्याउने लैजाने गर्न नसकेपछि विद्यालय नै पठाउन सकिन । कसरी ल्याउने लैजाने गरौं ।

काम नगरी खान छैन ।' सीताका पती गीर्वाण संस्कृत मा.वि., मणिकग्रामका शिक्षक हुन्, आफैं शिक्षक भएर पनि सो विद्यालयमा सुस्तमनिस्थिति विद्यार्थीको लागि कुनै व्यवस्था नभएकोले आफ्नो छोराको शिक्षाको लागि समस्यामा परेको उनी बताउँछन् ।

अपाङ्गता भन्नाले शारीरिक अङ्गहरू र शारीरिक प्रणालीमा विद्यमान समस्या अथवा कठिनाइको कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणबाट सिर्जना भएको सञ्चारसमेतको अवरोधले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन र सम्मानपूर्ण जीवनयापन गर्न कठिन हुने अवस्था हो । अपांगताको गम्भीरताका हिसाबले चार प्रकारका र शारीरिक हिसाबले १० प्रकारका अपांगता भएका व्यक्तिहरू हुन्छन् । हातखुट्टा नभएको, पक्षघात, हड्डीसम्बन्धी समस्या भएका, सुनाइसम्बन्धी समस्या, दृष्टिसम्बन्धी समस्या, बौद्धिक विकासमा अवरोध, मानसिक समस्या, बोल्न या कुरा बुझाउने समस्या, सम्झिने र बुझ्ने समस्याका हुन्छन् । अपांगता भएका व्यक्तिले एक नभए अर्को काम गर्न र जीवन जीउने कला सिक्न सक्छन् । तर, त्यसअनुसार सामाजिक वातावरण, अपांगता मैत्री संरचना, शिक्षा र अवसर नपाउँदा उनीहरु दुःखदायी जीवन बिताउन बाध्य छन् । कोही जेनतेन घरपरिवारमा अटेका छन् । कोही अन्यत्रै आश्रय लिनु परेको छ ।

अपांगता भएकै कारण घरपरिवारबाट निकालिएका र हिंसामा परेकालाई राख्न बुटवलमा अपाङ्ग आश्रम छ। बुटवल ११ देवीनगरमा रहेको अपांग आश्रममा ९ जना बालबालिकासहित ४० जना आश्रित छन् । त्यसमध्येका विद्यालय जाने उमेरका ५ जनाले विद्यालय गएर पढ्छन् । ४ जना बालबालिका विद्यालय जानबाट वञ्चित छन् । दृष्टिसम्बन्धी, स्वर र बोलाइ, बौद्धिक र शारीरिक अपांगता भएका बालबालिका मिल्दो विद्यालय वा शिक्षालय नभएका कारण पढ्ने अवसर पाएका छैनन् ।

आश्रमका अध्यक्ष डोलबहादुर रामदामले आश्रमले खानपान र आवास दिए पनि पढाउन नपाउँदा दुःख लागेको बताए । 'आफ्ना अविभावकले नै नहेरेका बालबालिकालाई हामीले संरक्षण गरे पनि उनीहरुको अपांगताको अवस्था हेरेर अनुकुलका विद्यालयमा पठाउन सकेनौं । यसैले पढाइबाट वञ्चित भए ।' विश्व स्वास्थ्य संगठनको तथ्यांक हेर्ने हो भने १५ प्रतिशत अपांगता भएका व्यक्ति छन् । राष्ट्रिय जनगणना-२०७८ अनुसार, देशभरमा अपांगता भएका ६ लाख ४७ हजार ७४४ जना छन् । यो जनसंख्याको २ दशमलव २ प्रतिशत हो ।

» बाँकी २ पेजमा

इस्मा गाउँपालिकाको अनुरोध

चिसो तथा शीतलहरको समयमा,
- मौसमी रुघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखाला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- यो रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन्छन् ।
- उनीहरुको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।

अनुरोधक :
विवेक रणपाल परियार — प्रमुख प्रशासकीय अधिकृत
पार्वती कुँवर — उपाध्यक्ष
भगतसिंह खड्का — अध्यक्ष

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## वैदेशिक रोजगारीमा जोखिम

वैदेशिक रोजगारीका क्रममा १५ वर्षको अवधिमा १४ हजार ३५२ जना नेपालीले ज्यान गुमाएको तथ्याङ्क सार्वजनिक भएको छ । यो संख्या श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका र बोर्डबाट आर्थिक सहायता लिनेहरूको हो । श्रम स्वीकृति नलिई पुगेका तथा बोर्डबाट आर्थिक सहायता नलिएकाहरू समेत गणना गर्ने हो भने वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाउने नेपालीहरूको तथ्याङ्क भयावह छ । तर यस्तो तथ्याङ्क सरकारसँग छैन ।

देशमा राम्रो अवसर नपाएपछि विदेशिएका नेपालीको मृत्युको तथ्याङ्क हेर्दा बहुआयामिक कारण छन् । वैदेशिक रोजगार बोर्डका अनुसार कामको खोजीमा विदेश गएका नेपालीहरूले दुर्घटना, हत्या, आत्महत्या तथा विभिन्न रोगका कारण ज्यान गुमाउने गरेका छन् । सबैभन्दा धेरै मलेसियामा चार हजारले ज्यान गुमाएका छन् । त्यसपछि साउदी अरब, कतार, युएई, कुवेत, दक्षिण कोरियालगायत मुलुकमा गएका नेपालीले ज्यान गुमाएको संख्या छ ।

बर्सेनी वैदेशिक रोजगारीका लागि विभिन्न गन्तव्यमुलुक पुगेका ठूलो संख्यामा नेपालीहरूले किन ज्यान गुमाइरहेका छन् भन्ने बारेमा सरकारले सुक्ष्म अध्ययन गर्नुपर्छ । पर्याप्त सीप तथा तालिम अभाव तथा गन्तव्य मुलुकमा सुरक्षा व्यवस्था बिना काममा लगाइनेलगायत कारण अकालमा युवाशक्तिले ज्यान गुमाउनु परिरहेको लगायत अवस्था छ । गन्तव्य देशमा बेलुका सकुशल सुतेको व्यक्ति बिहान उठ्दा मृतक भेटिने घटना बढ्दै गएका छन् । अझ कतिपय अवस्थामा त विभिन्न दुर्घटना तथा रोगका कारण मृत्यु भएका श्रमिकलाई पनि मृत्युको कारण प्राकृतिक देखाएर पठाउने गरेको पाइन्छ । । दुर्घटनामा परी ज्यान गुमाएका परिवारलाई क्षतिपूर्ति दिनुपर्ने बाध्यतालाई छल्न रोजगारदाताले मेडिकल रिपोर्ट नै फरक पार्ने गरेका घटनालाई रोक्न अपरिहार्य छ । रोजगारकर्ताको सुरक्षा रोजगारदाताको हो । रोजगारीमा जाँदा रोजगारदाता र रोजगारकर्ताले पालना गर्नुपर्ने नियम दुई पक्ष प्रष्ट हुनुपर्ने व्यवस्था भए पनि बेवास्ता भइरहेको छ ।

वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारीमा ज्यान गुमाएका परिवारलाई क्षतिपूर्ति दिने, घाइते र अंगभंग भएकाहरुको उपचारको व्यवस्थालगायतका काम गर्दै आएको छ । बोर्डको स्थापना र सक्रियताले अहिले रोजगारीमा विभिन्न मुलुक पुगेका नेपालीलाई राहत र क्षतिपूर्ति उपलब्ध गराउन सहज भएको छ । वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएकाहरूलाई वैदेशिक रोजगार कल्याणकारी कोषबाट आर्थिक सहायता उपलब्ध गराइँदै आएको छ । अब रोजगारदाता मुलुक र कम्पनीमा अनुगमन गर्न प्राथमिकता दिनुपर्छ । अनुगमनले रोजगारदाता र रोजगारकर्ताको अवस्था, सम्बन्धित देशको कानुनी प्रबन्धलगायत तथ्य जानकारी हुन्छ । जसले आगामी दिनमा गर्नुपर्ने काम सहज हुन्छ ।

# विद्युत् चुहावट १२ दशमलव ७३ प्रतिशतमा सीमित

काठमाडौँ । नेपाल विद्युत् प्राधिकरणले चुहावटलाई उल्लेख्य रूपमा घटाउन सफल भएको छ । प्राधिकरणले ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई बुझाएको विवरणअनुसार गत आवमा प्रणालीको विद्युत् चुहावट करिब १२ दशमलव ७३ प्रतिशतमा सीमित गरेको छ । चुहावट घटाउनु पनि कमाउनु हो भन्ने मूल मर्मलाई आत्मसात् गरेको प्राधिकरणले अनाधिकृत विद्युत् चोरी तथा प्राविधिक चुहावटलाई कम गर्न अनेकन प्रयास गरिएको जनाएको छ ।

आठ वर्षअघिसम्म प्रणालीमा २५ दशमलव ७८ प्रतिशत विद्युत् चुहावट भइरहेको थियो । आव २०७९/८० मा विद्युत् चुहावट १३.४६ प्रतिशत थियो । आव २०८०/८१ मा चुहावट १२ दशमलव ७३ प्रतिशतमा सीमित गरिएको विवरणमा उल्लेख छ । प्राधिकरणले गत आवमा रू १४ अर्ब ४६ करोड नाफा कमाएको थियो । आव २०७२/७३ मा एकै वर्ष रु आठ अर्ब ८९ करोड खुद नोक्सानीमा रहेको प्राधिकरण ०७३/७४ मा रु एक अर्ब ५० करोड खुद नाफा कमाउँदै प्राधिकरणले नाफाको इतिहास सुरु गरेको थियो । त्यसपछि प्राधिकरण निरन्तर नाफामा छ आठ वर्षअघि रु ३४ अर्ब ६१ करोड सञ्चित घाटामा रहेको प्राधिकरणले अहिले रु ४७ अर्ब ४१ करोड सञ्चित नाफा गरेको छ ।

प्राधिकरणले आठ वर्षमा विद्युतीकरणमा ठूलो सफलता हात पारेको छ । आव २०७२/७३ मा विद्युतीकरणको अवस्था ५८ प्रतिशत मात्र थियो । तीन वर्षअघि ८९ दशमलव आठ प्रतिशत रहेको विद्युतीकरण अहिले ९९ प्रतिशत पुगेको छ । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले वित्तीय अवस्थामा थप सुधार, संस्थाभित्रको सुशासन, हरेक नागरिकको घरमा विद्युत् पुऱ्याउन विद्युतीकरण, विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो, गुणस्तरीय तथा सुरक्षित बनाउन प्रसारण र वितरणतर्फका पूर्वाधार संरचनाको विस्तार एवम् सुदृढीकरणमा विशेष ध्यान दिइएको जानकारी दिए । यस्तै, उत्पादनतर्फका ठूला जलविद्युत् आयोजना अगाडि बढाउने, आन्तरिक रूपमा खपत वृद्धि तथा अतिरिक्त भएको विद्युत् निर्यातलगायतलाई उच्च प्राथमिकतामा राखी कार्य अगाडि बढाइएको उनको भनाइ छ ।

देश लोडसेडिङमुक्त भएर नियमितरूपमा विद्युत् आपूर्ति हुन थालेपछि प्रणालीमा उत्पन्न भएको चुनौतीलाई सम्बोधन गर्न र उपभोक्तालाई विश्वसनीय र गुणस्तरीय विद्युत् आपूर्तिका लागि प्रणालीको पूर्वाधार विस्तार, सुधार एवं प्रविधिमार्फत् स्वचालित गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइएको छ । इक्रा नेपालले गरेको क्रेडिट रेटिङमा प्राधिकरणले निरन्तर 'डबल ए प्लस' रेटिङ पाइरहेको छ । गत आवको वर्षायाममा देशभित्र खपत गरी बढी भएको विद्युत् भारतर्फ निर्यात गरी रु १७ अर्ब सात करोड आम्दानी गरेको थियो । गत आवमा आयातभन्दा करिब १३ करोड बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेर इतिहास बनाउन सफल भएको छ ।

# अपाङ्ग बालबालिकालाई पठनपाठनमा समस्या

» पृष्ठ १ बाट

त्यसमध्ये पढ्ने उमेरका ५ देखि २९ वर्षका व्यक्तिहरूको जनसंख्या १ लाख ४१ हजार ९८० छ । पढ्ने उमेरका बालबालिकाका लागि राज्यले समान र गुणस्तरीय शिक्षा प्रदान गर्न विभिन्न नीति र संरचनात्मक व्यवस्था गर्न आवश्यक छ । उनीहरुका लागि अपांगमैत्री शैक्षिक पूर्वाधारको विकास, विशेष शिक्षण सामग्री र प्रविधिको उपलब्धता, विशेष शिक्षक र तालिमको व्यवस्था, समावेशी पाठ्यक्रम र मूल्याङ्कन प्रणाली, आर्थिक सहयोग र छात्रवृत्ति कार्यक्रम, अपांगता सचेतना अभियान र समावेशी नीतिहरूको कार्यान्वयन राज्यले व्यवस्था गर्नुपर्छ । अपांगतामैत्री संरचना बनाइदिनुपर्छ । तर, त्यस्तो छैन । जसले गर्दा अपांगता भएका व्यक्तिहरु शिक्षा र अवसरबाट वञ्चित भएका छन् । केहीले असाध्यै जटिलताका बाबजुत पढाइ जारी राखेका छन् । रुपन्देहीकै मात्र तथ्याङ्क हेर्ने हो भने अपांगता भएका ५ हजार बालकालिकामध्ये ३० प्रतिशत बालबालिका शिक्षाको पहुँचभन्दा बाहिर रहेको राष्ट्रिय अपाङ्ग महासंघकी केन्द्रीय सदस्य सावित्रा घिमिरेले बताइन् । शिक्षा प्राप्त गर्न कसैलाई कुनै पनि आधारमा भेदभाव गरिने छैन भनी कानुनमा उल्लेख गरिए पनि यो कार्यान्वयनमा नजाँदा अझैं समस्या रहेको घिमिरेको भनाइ छ ।

अपांगता भएका बालबालिकाको कुनै व्यवस्था नभएको होइन । अपांगताअनुसार पर्याप्त शिक्षालय नभएको हो । सुस्त बुझाइ क्षमता भएका बालबालिकाका लागि बुटवल(७ दीपनगरमा सुस्तमनस्थिति बाल विद्या मन्दिर विद्यालय स्थानीयको सहयोगमा विसं २०५१ सालमा खुलेको थियो । विद्यालयका संस्थापक अध्यक्ष लोकनाथ भुसालले बौद्धिक अपांगता भएकी आफ्नी छोरीलाई पढाउने विद्यालय नपाएपछि आफूजस्तै तीन जना अभिभावकको सहयोगमा विद्यालय सञ्चालन गरेको बताउँछन् । हाल विद्यालयमा ७३ जना विद्यार्थी अध्ययन गरिरहेका छन् । ९ जना शिक्षक कर्मचारीहरु रहेका छन् ।

विद्यालयका अध्यक्ष भुषालका अनुसार विद्यायलमा जसअन्तर्गत संघीय सरकारबाट १ जना, बुटवल उप(महानगरपालिकाबाट १ जना , अनुदान राहत कोटाबाट २ सहित ५ जनाले राज्यको सेवा सुविधा लिएका छन् ।

विद्यालयमा बौद्धिक अपाङ्गता भएका बालबालिकाले अध्ययन गरिरहेका छन् । बालबालिकाको उमेर र परिस्थितिअनुसार, मस्तिष्क र बौद्धिक अङ्गहरूमा आएको समस्या तथा सचेतना , बुझाइ, सोंच, तर्क, स्मरणशक्ति, भाषा, रम्भिक गणना जस्ता बौद्धिक कार्य गर्न ढिलाइ हुनु वा गर्न नसक्ने स्थिति बौद्धिक अपांगता हो । समाजसेवी तथा दातृनिकायको सहयोगमा विद्यालय सञ्चालन भैरहेको अध्यक्ष भुसालले बताए ।

विद्यालयमा मानवीय व्यवहार, सीप विकास, खेलकुद र मनोरञ्जन जस्ता माध्यमबाट सुस्त मनस्थिति भएका विद्यार्थीलाई व्यवहारिक ज्ञान दिइन्छ । विद्यालय गएपछि नुहाउने, एक दिन लगाएको लुगा अर्को दिन नलगाउने, ब्रस गर्ने, स्पेशल ओलम्पिक खेलमा सहभागी हुने बानिको विकास भएको छ । यी बाहेक अक्षर चिन्ने, पढ्ने, लेख्ने, कागजको खाम बनाउने, फिजियोथेरापी, कला क्षमता नाच्ने गाउने, लुगा सिलाइलगायतका कार्यक्रम सञ्चालनमा छन् । विद्यालयले रुपन्देहीको सैनामैना नगरपालिकामा स्थानीय अभिभावक संघ गठन गरी शाखा विद्यालय हस्तान्तरण गरेको छ । जहाँ ५१ विद्यार्थीलाई २ जना शिक्षकले अध्यापन गराइरहेका छन् । विद्यालयले घुम्ति कक्षा समेत सञ्चालन गरेको छ । प्रत्येक महिनाको एक पटक विद्यार्थीसम्म पुगेर विद्यार्थी तथा अभिभावकलाई भेट गर्ने गरेको विद्यालयका अध्यक्ष भुषालले जानकारी दिए ।

बौद्धिक अपांगता संघकाअनुसार रुपन्देहीमा बौद्धिक अपाङ्गता भएका मायादेवी गाउँपालिकामा ४८ जना, गैंडहवा गाउँपालिकामा ४७ जना, शुद्धोधन गाउँपालिकामा ३७ जना बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर रहेका छन् । नजिकमा समावेशी शिक्षालय नहुँदा बौद्धिक अपांगतालाई शिक्षा दिने विषय चुनौतीपूर्ण बन्दै गएको शुद्धोधन गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद बस्यालले बताए ।

भैरहवाको सिद्धार्थनगर नगरपालिका मेउडिहवामा बहिरा बालबालिका पढ्ने बहिरा बाल माध्यमिक विद्यालय छ । विद्यालयमा भारतका ७ जनासहित २३ जिल्लाका २ सय १० जना विद्यार्थी अध्ययनरत छन् । विशेष सुविधाअन्तर्गत विद्यालयमा १ सय १९ जना विद्यार्थीले छात्राबासको सुविधा लिएका छन् । विद्यालयमा २२ जना शिक्षक र ९ जना कर्मचारी छन् । स्रोत साधनको अभावले भर्ना हुन आउने सबै विद्यार्थीलाई भर्ना गर्न नसकेको विद्यालयका प्रधानाध्यापक भिमबहादुर थापाले बताए । वि.सं २०३२ सालमा १ बिघा १० कठ्ठा क्षेत्रफलमा स्थापना भएको विद्यालयमा पानि चुहिने अत्यन्त जीर्ण भवनमा विद्यार्थी पढाउनुपर्ने बाध्यता रहेको प्राध्यापकले गुनासो गरे । विद्यालयले कक्षा ११ र १२ मा कृषि विषय पढाउँछ । अध्ययनपछि धेरै विद्यार्थीले कामको अवसर समेत पाएका छन् । सिलाइकटाइ, चित्रकला, कृषिलगायतका क्षेत्रमा विद्यालयले कार्यक्रम सञ्चालन गरेको छ ।

समावेशी शिक्षाले कुनै पनि बालबालिकाले आफ्नो घरनजिकैको विद्यालयमा सहज र सरल ढङ्गले शिक्षा प्राप्त गर्ने परिकल्पना गरेको छ । तर घर नजिकैका अधिकांश सार्वजनिक विद्यालयहरूमा अपांगता व्यक्तिको आधारभूत व्यवस्थासमेत गरेको छैन । रुपन्देहीको शान्ति नमूना माध्यमिक विद्यालयमा भने आधारभूतसँगै विशेष शिक्षा छ । प्रध्यानाध्यापक कुलप्रसाद लामिछानेले विद्यालयमा दृष्टिविहीन विद्यार्थी ४४, श्रवण दृष्टिविहीन १३, अटिजम भएका २३ र शारीरिक अपांगता भएका ५ जना विद्यार्थीले अध्ययन गरिरहेको बताए । दृष्टिविहीन विद्यार्थीलाई संघीय सरकारले मासिक ४ हजार आवासीय खर्चका लागि दिने गरेको छ । विद्यालयमा श्रोत साधन र जनशक्तिको अभावका कारण धेरै विद्यार्थीलाई भने फर्काउन परेको बाध्यता रहेको प्राध्यापक लामिछानेले बताए । 'भर्ना नपाएपछि धेरै अभिभावक र विद्यार्थी दुःख मान्दै जानुहुन्छ, त्यो हाम्रो रहर नभएर बाध्यता हो ।'-उनले भने । विद्यालयमा विशेष विद्यार्थीको लागि तिलोत्तमा नगरपालिका, प्रदेश सरकारले र संघीय सरकारको १, १ जना विशेष शिक्षकको व्यवस्था गरेका छन् । यी शिक्षक विद्यार्थीको लागि पर्याप्त नभएको उनले बताए ।

०७८ सालको जनगनगणना अनुसार प्रदेशको ५१ लाख २२ हजार ७८ कूल जनसंख्यामध्ये २.४ प्रतिशत अपाङ्गता रहेका व्यक्ति छन् । प्रदेशमा १५ वर्ष मुनिको जनसंख्या २८.५ प्रतिशत रहेको सरोकारवालाको दाबी छ । प्रदेशको कुल साक्षरता दर ७८.१ प्रतिशत छ । अपाङ्ग महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष हुमनाथ अधिकारीले कतिपय जिल्ला तथा स्थानीय तह पूर्ण साक्षर घोषणा गर्दा अपाङ्गता भएका व्यक्तिलाई नहेरिनु चिन्ताको विषय भएको बताए । उनले भने-'राज्यले अपाङ्गता भएका कति बालबालिका विद्यालय जाने उमेरका छन् भनी तथ्याङ्क समेत नराखिनु, बनेका नीति निर्माण र योजना कार्यान्वयन नहुनु गम्भीर नहुनु दुःखद हो ।'

लुम्बिनी प्रदेशमा शैक्षिक सत्र २०८० मा १ हजार ३ सय १३ जना अपांगता भएका बालबालिका भर्ना भएका थिए । त्यसमध्ये गुल्मीमा ३, पाल्पामा ३, नवलपरासी ९, कपिलवस्तु ८, अर्घखाँची ५, प्यूठान ३, रुकुम पश्चिम ३, दाङ ५, बाँके ५, बर्दिया ४ र रुपन्देही ७ गरी ५० विद्यालयमा विशेष कक्षा सञ्चालन भएका छन् । लुम्बिनी प्रदेशमा अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि २०७८ निर्माण भए पनि कार्यान्वयनमा जान नसकेको शिक्षा हेर्ने सामाजिक विकास मन्त्रालयका वरिष्ठ शिक्षा अधिकृत माधवप्रसाद पोखरेलले बताए ।

शिक्षाविद् आनन्दमान सिंह शाक्यले राज्यले अपांगता भएका बालबालिकालाई शिक्षा र रोजगारबाट वञ्चित गर्न नहुने बताए । उनले भने-'अपांगता भएकाले उचित शिक्षा हासिल गर्ने अवसर पाए उनीहरुले आफ्नो, परिवारको, समाजको र राष्ट्रको हितका लागि काम गर्न सक्छन् ।' अपांगता अधिकारकर्मी सावित्रा घिमिरेले अपांगता भएका व्यक्तिलाई शिक्षामा जोड्न हरेक विद्यालयमा अपांगतामैत्री संरचना बनाउन र स्थानीयतहमा विशेष शिक्षा लागू गर्नुपर्ने सुझाब दिइन् ।

**अपांगताको प्रकार**

१. शारीरिक अपाङ्गताः स्नायु, मांसपेशी र जोर्नीहरू र हयीको बनावट र सञ्चालनमा भएको समस्याका कारण शारीरिक अङ्गहरूको सञ्चालन, प्रयोग, कार्य र क्रियाकलापमा आएको समस्या र स्थितिलाई शारीरिक अपाङ्गता भनिन्छ ।

२. दृष्टिसम्बन्धी अपाङ्गताः दृष्टिसम्बन्धी समस्याका कारण शिशु बालबालिकामा कुनै पनि वस्तुको, आकार र रङको ज्ञान नहुने स्थिति दृष्टिसम्बन्धी अपाङ्गता हो ।

३. सुनाइसम्बन्धी अपाङ्गताः सुनाइका अङ्गहरूको बनावट र स्वरको पहिचान, उतारचढाव साथै स्वरको मात्रा, गुण छुट्याउने क्षमतामा हुने कमजोरीलाई सुनाइसम्बन्धी अपाङ्गता मानिएको छ । सुनाइसम्बन्धी अपाङ्गता बहिरा र सुस्तश्रवण हुनु ।

४. श्रवण दृष्टिविहीन अपाङ्गताः दृष्टि र सुनाइसम्बन्धी अपाङ्गता भएको शिशु, व्यक्ति श्रवण दृष्टिविहिन भएको अपाङ्गता मानिएको छ ।

५. स्वर र बोलाइसम्बन्धी अपाङ्गताः स्वर र बोलाइसम्बन्धी अपाङ्गताहरूमा उत्पन्न अप्ठेरोका कारण बोल्दा स्वरको उतारचढावमा कठिनाइ, अस्पष्ट बोली र अन्य बोलाइसम्बन्धी अपाङ्गता मानिएको छ ।

६. बौद्धिक अपाङ्गताः शिशु, बालबालिकाको उमेर र परिस्थितिअनुसार, मस्तिष्क र बौद्धिक अङ्गहरूमा आएको समस्या तथा सचेतना, बुझाई, सोंच, तर्क, स्मरणशक्ति, भाषा, प्रारम्भिक गणना जस्ता बौद्धिक कार्य गर्न ढिलाइ हुनु वा गर्न नसक्ने स्थितिलाई बौद्धिक अपाङ्गता मानिएको छ ।

७. बहुअपाङ्गताः एउटै शिशु, बालबालिका माथि उल्लेख भएका २ वा २ भन्दा बढी प्रकारका समस्यालाई बहुअपाङ्गता मानिएको छ ।

८. अटिजमः प्रारम्भिक अवस्थामा नै हुने स्नायु तथा व्यवहारसम्बन्धी अपाङ्गता होरु। धेरैजसो अटिजम भएका बालबालिकामा भाषा सञ्चार, सामाजिक व्यवहार, असामान्य हुनुका साथै एकोहोरो क्रियाकलाप गर्दछन् ।

९. मस्तिष्क पक्षघातः गर्भावस्थामा, शिशु जन्मने क्रममा वा जन्मपश्चात् कुनै कारणले मस्तिष्कमा हुने पक्षाघातको अवस्था हो । पक्षघातले शरीर वा शरीरका अङ्गहरूको चाल र अवस्थितिमा अपूरणीय असर हुन्छ ।

१०. हेमोफिलियाः हेमोफिलिया वंशाणुगत (जिनमा) हुने विकृति हो । शरीरमा रगत जम्ने तत्वको अभाव भई रक्तश्राव भयो भने बन्द नहुने स्थिति हुन्छ ।

# नारामै सीमित सबैका लागि स्वास्थ्य

**धीरज मैनाली**

हामीले सुन्ने गरेको तथा विगत लामो समयबाट रटान लगाउँदै आइएको एक वाक्य सन् २००० सम्ममा सबैका लागि आधारभूत स्वास्थ्यको पहुँच पुऱ्याइनेछ । यथार्थ सन् २०२४ आइपुग्दा समेत स्वास्थ्यमा भुइँ मान्छेको पहुँच अझैं पनि धेरै टाढा छ । देशले सबैभन्दा ख्याल राख्नुपर्ने कुरा नागरिकको शिक्षा तथा स्वास्थ्य हो जब नागरिक शिक्षित हुन्छन्, तब देश समृद्ध बन्छ जब नागरिक स्वास्थ्य रहन्छन तथा देशले आशातित आर्थिक प्रगति गर्छ । तर, बिडम्बना मेरो देशको सरकारलाई नत नागरिकको शिक्षा प्रति कुनै मतलब छ, नत नागरिकको स्वास्थ्यको बारेमा कुनै चासो छ ।

देशको शिक्षामा विभेद छ । सरकारीमा एक किसिमको पाठ्यपुस्तक निजीमा अर्को किसिमको छ । एक देशमा पढाइ हुने पुस्तक एउटै हुनुपर्ने होइन, चाहे नागरिकको बच्चा सरकारी स्कुलमा पढोस् अथवा निजी स्कुलमा, तर मेरो देशमा नारामा मात्रै समानता छ, नीतिमा विभेद छ । यथार्थमा विभेद छ । मेरो देशको सरकारलाई अनुगमनको लागि अनि नियमनका लागि फुर्सद कहाँ छ ? कसैले महिनाको लाख शुल्क लिँदैछन्, कसैले तीसौं हजार, मापदण्ड के ? शुल्क कति लिने ? कसैलाई थाहा छैन । राज्य धृतराष्ट्र नीतिमा छ, यहाँ जसलाई जे गर्न मन छ, त्यही गर्न छुट छ । लुट्न छुट छ, ठग्न छुट छ । स्वास्थ्यमा उही बेहाल छ । देशका दुई खम्बा स्वास्थ्य तथा शिक्षालाई राज्यको नजरअन्दाज छ । एन्टिबायोटिक किराना पसलमा बिक्री हुने मेरो देश अनि चक्लेट जस्तो औषधि खाएर किड्नी फेल नागरिकको संख्यामा दिन दुईगुणा रात चौगुणा वृद्धि हुँदैछ । यस्तो अवस्थामा समेत मेरो देशका नीति-निर्मातालाई औषधि बिक्रीवितरणको अनुगमनमा मतलब छैन ।

**नैतिकताको खडेरी तथा अनुगमनको अभाव**

चिकित्सक तथा स्वास्थ्यकर्मीले धर्मलाई तथा नैतिकतालाई कुन गोजीमा हालेको हो, थाहा छैन । आज नैतिकताको खडेरी परेको छ । मेरो देशमा बिरामीलाई चाहिने नचाहिने औषधी लेख्ने, अनावश्यक चेकजाँच गर्ने अनि कमिशनमा निर्लिप्त समूहको बढोत्तरी हुँदा राज्य नैतिक बनाउनतिर लाग्दैन । अनुगमनलाई कसिलो बनाउने कुनै प्रयत्न गर्दैन । बजारमा विषैविषको तरकारी छ, विषैविषको खाने कुरा छ । राज्यलाई के चासो क्यान्सर भएको बिरामीलाई विदेशी मुलकसम्म जान निःशुल्क सेवा भनेर राष्ट्रिय ध्वजावाहक प्रचारमा तल्लीन छ । अनि मेरो देशको सरकार क्यान्सर बढाउने विभिन्न विषादीयुक्त खानेकुरा निर्वाध रुपमा बजारमा बिक्री गर्ने वातावरण बनाउँछ । नागरिकलाई रोगी हुनबाट बचाउने प्रयत्नप्रति राज्य उदासिन छ । कुनै अनुगमन छैन । अनुगमन हुन्छ, तर चाडबाडको नजिक दसैं खर्च निकाल्नको लागि, अन्य समयमा अनुगमनका लागि गुणस्तर मापनका लागि मेरो देशका जिम्मेवार नियमनकर्ताहरुलाई कहाँ फुर्सद हुनु ?

**मानसिक समस्या अबको जल्दोबल्दो चुनौती**

गाउँमा दिनभरि लोग्ने तास खेल्नलाई व्यस्त हुन्छ, अनि रक्सीको तालमा साँझ घर आयो, झगडा मच्चायो, मानसिक रोगीको संख्या गाउँमा दिनानुदिन बढिरहेको छ । जनस्वास्थ्यमा एक ठूलो समस्याको रुपमा मानिसक स्वास्थ्य बढ्दै गएको छ । मेरो देशको राज्यसंयन्त्रलाई यो कुरा कत्तिको हेक्का छ, थाहा छैन । बालविवाह गैह्रकानुनी भन्नु नारामै सीमित छ । १३-१४ वर्षको कलिलो उमेरमा विवाह भएको, १५-१६ वर्षमा गर्भवती भएको तथा २२-२३ वर्षमा आङ खस्ने समस्या भएको महिलाको संख्या गाउँमा एकदमै धेरै भएको तथा यसले घरमा कलह तथा मानसिक पीडा निम्त्याइरहेको यथार्थलाई हृदयंगमी यसका लागि आवश्यक कदम कहिले लिन्छ ? सरकारले थाहा छैन ।

दुर्गम गाउँमा प्रेसरका तथा मुटुका रोगीहरुको संख्यमा वृद्धि भइरहेको छ । खेतबारी बाँझो राख्ने, हरेक दिन मासु तथा रक्सीको सेवन, फुर्सदिलो जीवनशैली अनि अनावश्यक औषधिको सेवन दुर्गम क्षेत्रको परिभाषा बन्दै गएको देख्न सकिन्छ । घरेलु हिंसा बढिरहेको छ । उपचार केन्द्र छ, जनशक्ति छैन । जनशक्ति छ आवश्यक औजार छैन, औजार छ कसरी चलाउने तालिम छैन । अनि गाउँमा मानिस सुगम क्षेत्रका अस्पतालले समय-समयमा ल्याउने शिविरमा उपचार गर्न आश्रित छन् । मेरो देशको सरकार १० प्रतिशत शैयाको निःशुल्क गर्नुपर्छ भन्ने नाराको रटान लगाउनमै व्यस्त छ ।

शिक्षण अस्पताल तथा ठूला अस्पतालले देशका दुर्गम भेगमा सामाजिक उत्तरदायित्वसहित वर्षमा कम्तिमा ३-४ वटा निःशुल्क शल्यक्रिया शिविर सञ्चालन गर्नुपर्ने तथा शोको विवरण बुझाउनुपर्ने नीति किन लिन सक्दैन ? यसरी शिविर सञ्चालन भएमा नागरिकले धेरै राहत पाउन सक्थे, तर अहिले शिविर गरिन्छ, प्रचारोन्मुख अभिष्ट राखेर, अस्पताल रहेको क्षेत्रभन्दा टाढा दूरदराजका गाउमा शिविर सञ्चालन गर्नुपर्ने बाध्यात्मक नियम लागु गर्न सरकारलाई केले छेकेको छ ?

**जनशक्तिको व्यवस्थापन तथा सामाजिक उत्तरदायित्व बोध**

निजी लगानीमा होस् अथवा सरकारी कोटामा मेडिकल शिक्षा लिने जनशक्तिले देशको सामाजिक तथा जनउत्तरदायित्वलाई महत्व दिएर शुरुको कम्तीमा दुई वर्ष दुर्गममा गएर दुर्गमका अस्पतालमा सेवा दिनुपर्ने नियम लिन स्वास्थ्य मन्त्रालय किन सक्दैन ? सबै एमबीबीएस गरेका जनशक्ति काठमाडौंमै बस्नुछ । यहाँकै अस्पतालमा बरु स्वयंसेवक गर्न पाइन्छ भन्दै आवेदन पेश गर्नेहरुको लस्कर शहरका अस्पतालहरुमा धेरै भेट्न सकिन्छ, तर गाउँमा गएर, उपत्यका बाहिर गएर काम गर्ने इच्छा कसैमा छैन । राज्यले यस्ता जनशक्तिको व्यवस्थापनका निम्ती एमबीबीएस समाप्त भएर लाइसेन्स लिएपश्चात् अनिवार्य दुई वर्ष गाउँमा सेवा गर्नुपर्ने नीति लिनु अतिआवश्यक छ । लाखौं पैसा खर्चेर चिकित्सा शिक्षा अध्ययन गऱ्यो, राजगारीको अवसर छैन ।

जागिरको लागि भौतारिनुपर्ने अनि जागिर पाए पनि १७-२० हजार मासिक तलबमा काम गर्नुपर्ने आजको विडम्बनालाई सरकारले चिकित्सा शिक्षा अध्ययन गरेका जनशक्तिलाई गाउँमा अनिवार्य काम गनुपर्ने नीतिसहित सरकारी तलब स्केल दिएर रोजगारी प्रदान गरी जनताको सेवामा खटाउनु आवश्यक छ । रोजगारी तथा विभिन्न चुनौती रहेकाले चिकित्सा शिक्षा अध्ययन गरी रहेको विद्यार्थी अध्ययनको पहिलो वर्षदेखि नै विदेश पलायनको सपना देखेर युएसएमएलईको प्रक्रियामा अघि बढको पाइन्छ । यसरी देशको स्वास्थ्य क्षेत्रको सुधार कसरी कल्पना गर्न सकिन्छ ?

**अस्पतालको भवन निर्माणमा तदारुकता, तर अन्य पाटोमा धृतराष्ट्र**

देशका विभिन्न गाउँमा जाने हो भने अस्पतालको भैतिक संरचना निर्माणमा देशले ठुलो फड्को मारेको सहजै देख्न सकिन्छ, तर सोही अनुरुप चिकित्सक तथा औजार उपकरणको प्रबन्धमा सरकारको ध्यान जानु अतिआवश्यक छ ।

औषधिको बिक्रीवितरणमा कडा नियमनको खाँचो छ तथा अस्पताल व्यवस्थापनमा अस्पताल प्रशासन अध्ययन गरेको जनशक्तिलाई नियुक्त गरेर अस्पतालको प्रशासन चुस्त बनाउन आवश्यक छ । स्वास्थ्य क्षेत्रमा मौलाएको तथा राम्रोसँग जरा गाडेको कमिसनतन्त्रलाई जरैबाट उखालेर नैतिक वातावरण बनाउनु सरकारको ठूलो चुनौती हो । जेनेरिक औषधि बिक्रीवितरण गर्ने कुराले समस्याको समाधान गर्दैन । चिकित्सक तथा फर्मासिस्टमा जबसम्म नैतिकताको खडेरी रहन्छ तबसम्म न्युनतम मानवीय संवेदना उजागर हुन सक्दैन । बिरामीलाई राम्रो सेवा दिन्छु भनेर शपथ खाए पनि अनावश्यक सिटी, एमआरआई लेख्ने तथा अनावश्यक औषधि लेख्ने होड चलेको छ । रातारात पैसा कमाउ धन्दा बढेको छ, अनि नियामक निकाय मौनता साँधेर बसेको छ । चिकित्सकको प्रेस्क्रिप्सनको समय समयमा चेकजाँच गरिनुपर्छ । गुणस्तरीय सेवा प्रवाह आजको माग हो, अनि नैतिकवान चरित्र आजको आवश्यकता हो ।

**आममानिसमा विश्वासको ह्रास**

जनतामा चिकित्सक प्रति विश्वास गुम्दै गएको देखिन्छ । अस्पताललाई लुट मच्चाउने थलोको रुपमा चित्रण गर्न थालिएको छ । यो एकदमै भयावह स्थिति हो । भुइँ मान्छेको पीडालाई बुझेर जनताको स्वास्थ्यप्रति सरकार जिम्मेवार नबन्ने हो भने अझ विकराल अवस्था सामना गर्न सरकार तयार भएर बस्नुपर्ने हुनसक्छ। उपचार खर्चको कुनै सीमा छैन । सामान्य समस्या लिएर अस्पताल गएको बिरामीको २०-३० हजार खर्च हुन्छ । शुल्क निर्धारणको कुनै मापदण्ड छैन । जसलाई जति मन लाग्यो, त्यति शुल्क निर्धारण गऱ्यो । विपन्न नागरिक औषधि उपचार कोषका लागि शुल्क तोक्न सक्ने सरकार, बिमा कार्यक्रमका लागि शुल्क तोक्ने सरकार देशका अस्पतालहरुबाट प्रवाह हुने सेवाको शुल्कको रेन्ज तोक्न किन सक्दैन ?

भुइँ मान्छेप्रति उत्तरदायी राज्यप्रणाली नहुँदा नागरिक निरिह भएर बाँच्न बाध्य छन् । सरकार तथा राज्य भएको अनुभूति कुनै किसिमबाट छैन । जनशक्ति विदेश पलायनको सपना बाहेक अरु केही देखिरहेको छैन । आशा गरौं, युवामन्त्री तथा वरिष्ठ चिकित्सक सचिवहरुले देशको स्वास्थ्य क्षेत्रमा परिवर्तनको शंखघोष गर्नुहुनेछ । स्वास्थ्य क्षेत्रमा नयाँ युगको आरम्भको आभाषको प्रतिक्षा छ ।

स्वास्थ्यखबरबाट

# रामग्राम सकोसको २२औं वार्षिक साधारणसभा

परासी । पश्चिम नवलपरासीको रामग्राम बचत तथा ऋण सहकारी सहकारी संस्था लि.को २२औं वार्षिक साधारणसभा कार्यक्रम सम्पन्न भएको छ । सदरमुकाम परासी रामग्राम ३ मा अवस्थित रामग्राम बचत तथा ऋण सहकारी सहकारी संस्था लि.को २२औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशन कार्यक्रम सम्पन्न हो ।

२२औं वार्षिक साधारणसभा अध्यक्ष अनिलकुमार शर्माको अध्यक्षता तथा रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवको प्रमुख आतिथ्यतामा भएको कार्यक्रम बोल्दै नगरप्रमुख यादवले नाफा बचत नभई सहकारीले व्यसायमा लगानी गर्नुपर्नेमा जोड दिए । उनले सहकारीका शेयर सदस्यहरूलाई कृषि क्षेत्रमा उत्पादनमा जोडिने खालको योजना ल्याउनुपर्ने बताए । यहाँका नगरमा३२ वटा सहकारी रहेकोले ती सबैलाई प्रबर्द्धन र संरक्षण गर्न नगरपालिका लागि परेको यादवको भनाई थियो ।

वि.सं २०५९ सालमा स्थापनाको यस संस्थामा हालसम्म ३४१जना सेयर सदस्यहरु रहेको जसमा १८५जना पुरुष, १३४ जना महिला र अन्य १ जना रहेका छन् भने ७३ जना बाल बचतकर्ताहरु रहेको जसबाट ५३ लाख ५७ हजार ७ सय सेयर पुँजी रहेको संस्थाका सचिव मुक्ति पौडेलले जानकारी दिए ।

आ.व २०८०/०८१ मा संस्थाले २ करोड ९१ लाख ८ हजार ९ सय ८३ रुपैया बराबरको कारोबार गरेको छ । संस्थाले १ लाख ५० हजार २ सय ८१ रुपैयाँ शुद्ध नाफा गर्न सफल भएको कोषाध्यक्ष सूर्यनाथ दास पटेलले जानकारी दिए । संस्थाले बचत गर्ने बाल बचतकर्ता ३ जना र असल ऋणि १ जनालाई नगदसहित सम्मान समेत गरेको हो ।

आव २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन एवम् आव २०८०/०८१ को प्रस्तावि नीति तथा कार्यक्रम संस्थाका सचिव मुक्तिप्रसाद पौडेलले प्रस्तुत गरेका थिए भने आ.व २०७९/०८० को आर्थिक प्रतिवेदन संस्थाका कोषाध्यक्ष सूर्यनाथ पटेलले प्रस्तुत गरेका थिए । साधारणसभामा संस्थाका उपाध्यक्ष चन्द्रमणि चौधरी, पूर्व अध्यक्ष जनार्दन ठाकुरलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना ।

यस कम्पनीले चिनबाट पैठारी गरेको देहाएको माल वस्तुको अधिकतम खुद्रा मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| क्र.सं. | वस्तुको विवरण | ब्राण्ड | उत्पन्न मुलुक | ईकाई | MRP |
|---|---|---|---|---|---|
| 1 | 75 Inch Led Smart Tv | Evolution | China | Set | 4,00,000/– |
| 2 | 85 Inch Led Smart Tv | Evolution | China | Set | 6,00,000/– |
| 3 | 100 Inch Led Smart Tv | Evolution | China | Set | 8,00,000/– |

**बिक्रेता फर्मको नामः छत्रदेव इन्टरनेशनल ट्रेडर्स**
**ठेगानाः बुटवल, रुपन्देही**
**Exim Code Number: 1215759550144-NP**

**प्रदेश...**

विद्यालयका प्रधानाध्यापकलाई दलको दबावमा लेखा समिति संयोजक बनाउने प्रयास र घरमा सुतेका व्यक्तिलाई जबरजस्ती राति ११ बजे उठाएर ल्याएर समितिमा राखिएको उनले खुलाए । दुई दलको दबाबमा उम्मेदवारी साटफेर गर्ने र दबावमा फिर्ता गराउने काम भएको पाण्डेको गुनासो छ ।

अधिवेशनका प्रतिनिधि बुटवलका हिकबहादुर दर्लामीले प्रदेशभरका बचत तथा ऋण सहकारीको साझा संस्थामा सबैलाई समेट्नुपर्ने अन्यथा प्रत्यक्ष चुनाव हुनुपर्ने माग सुनुवाइ नगरी दुई दलीय सिण्डिकेट लादिएको बताए ।

प्रतिनिधि र उम्मेदवारको कुरा नसुनी कांग्रेस र एमाले निकटका मान्छेले संघ कब्जा गर्ने नियतले निर्वाचन संयोजकको अनुपस्थितिमा दुईजना सदस्यले सहकारी ऐन विपरीत हुने गरी नेतृत्व चयन गरेको दर्लामीले बताए ।

सहकारी केन्द्र नेपालका केन्द्रीय उपाध्यक्ष सन्दिप सापकोटाले सहकारी ऐनलाई कुल्चेर प्रदेश संघको नेतृत्व चयन भएको भन्दै गल्ती सच्चाउन माग गरे । 'सहकारी संघमा समावेशी नेतृत्व हुनुपर्छ, दुई दलीय सिण्डिकेट स्वीकार्य छैन ।'- सापकोटाले भने ।

ऐन विपरीत नेतृत्व चयनविरुद्ध प्रदेश र संघका नियमनकारी निकायमा जानकारी गराउनेदेखि सहकारी शुद्धीकरण अभियान चलाउने तयारीमा रहेको उनले बताए ।

निर्वाचन समितिका सदस्य प्रकाश भट्टराईले सहकारी अभियान विषम परिस्थितिमा रहेको अवस्थामा सर्वसम्मत नेतृत्व चयन गर्दा राम्रो हुन्छ भन्ने उद्देश्यले सहमतिको प्रयास गर्दा प्रकृया लम्बिएको दाबी गरे । उनले सहकारी ऐन र विभागको निर्देशनअनुसार दोहोरो पद भएकाहरुले पुस मसान्तपछि दुई पद मध्ये तल्लो तहको पद नैतिकताको आधारमा छाड्नुपर्ने बताए । 'यो विषय पटक पटक जानकारी गराएर उम्मेदवार बन्न दिइएको हो,' उनले भने-'पुस मसान्तपछि तल्लो तहको पद नछाडे सहकारी ऐनअनुसार कारबाही प्रक्रिया हुने भएकाले नैतिकताका आधारमा छाड्नुपर्छ ।'

**यो...**

'एउटा भारतसँग रिसाएको छ, कांग्रेसलाई विआरआईको नाम लिनेवितिकै ज्वरो आएको छ,' उनले भने-'अन्तर्राष्ट्रिय राजनीतिले पनि गर्दैनन्, यी दुई दलले केही पनि गर्दैनन ।' उनले वर्तमान सरकार विभिन्न काण्डहरुको स्वार्थसँग जोडिएकाले सत्ता जोगाउने वाहेक केही नगर्ने बताए ।

उनले सरकारले रास्वपाका सभापति रविलामिछानेको सन्दर्भममा एकै ठाउँमा मुद्दा चलाए हुनेमा बढी दुःख दिएको भान जनताले गरेको बताए । उनले राज्यले व्यक्तिगत बदला लिन नहुने बताउँदै सरकारकै कारण सडकमा गैरजिम्मेवार व्यक्तिहरुको आन्दोलन सुरु भएको बताए । 'वर्तमान सरकारले नालयकी गर्छ, नालयकीको विरोध हुन्छ, त्यसले गैरजिम्मेवार व्यक्तिहरु अगाडि आउन सक्छन् ।'-महासचिव भुसालले भने । अगुवा कार्यकर्ताहरु समेत भएको बैठकमा महासचिव भुसालले अब नेकपा एकिकृत समाजवादी पार्टीलाई आन्दोलनबाट स्थापित गर्ने बताए । उनले स्थानीय, जिल्ला र प्रदेश हुँदै राष्ट्रिय स्तरका समस्यालाई आन्दोलनका रुपमा अगाडि बढाएर ८४ को निर्वाचनसम्म स्पष्ट मुद्दा बोक्ने पार्टीका रुपमा स्थापित गर्ने प्रतिबद्धता जनाए । उनले राष्ट्रिय पुजीको विकास गरी सुदृढ मुलुक बनाउनुपर्ने बताउँदै त्यसका लागि अब कांग्रेस एमालेको विकल्पमा आफूहरुको पार्टीले नयाँ कार्यक्रम ल्याएर जनताको विचमा आउने दावी गरे ।

बैठकमा नेकपा एकिकृत समाजवादीका पोलिटब्यूरो सदस्य एंव रुपन्देही इञ्चार्ज नन्दलाल बन्जाडेले प्रस्ताव र केन्द्रयि समितिको सर्कुलका बारेमा जानकारी दिए । बैठकमा केन्द्रीय सदस्यहरु सिद्धिचरण भट्टराई, बाबुलाल यादव, उमा काफ्ले, भगवती अधिकारीसहित प्रदेशका, जिल्ला र जनवर्गिय संगठनका पदाधिकारीहरुको उपस्थिति थियो ।

बैठकमै नेकपा एमाले निकट युवा संघ सिद्धार्थनगरका पूर्व अध्यक्ष प्रकाश भक्त श्रेष्ठ नेकपा एसमा समाहित भएका छन् । यसैगरी नेकपा एमाले क्षेत्र न. १ का पूर्व क्षेत्रिय सदस्य खेलकुद विभाग देवदहका प्रमुख अरुण गहतराज, एमालेका वडा न. ७ का नेता विवेक श्रेष्ठ र मर्चवारका अनुप यादव पनि शनिबार नै नेकपा एकिकृत समाजवादीमा समाहित भएका छन् । महासचिव भुसालले चारै जनालाई टिका र खादा लगाएर पार्टीमा सवागत गरेका हुन् ।

विस्तारित बैठकले नेकपा एकिकृत समाजवादी रुपन्देहीको जिल्ला अधिवेशन आगामी चैत ९ गते बुटवलमा गर्ने निर्णय गरेको उपाध्यक्ष चिनबहादुर गुरुङले बताए । यस्तै बैठकले आगामि माघ मसान्तसम्म सदस्यता नविकरण छुट भएका र नयाँ सदस्यता दिने निर्णय समेत गरिएको उपसचिव टंक पोखरेलले बताए । यस्तै अधिवेशनका लागि तयारी समितिहरु समेत गठन गरिएको अर्का उपसचिव मिरा श्रेष्ठले बताइन ।

**लुम्बिनीकर्मी...**

राजुप्रसाद श्रेष्ठले स्थापना गरेको शेषकुमारी/लोक कुमारी पत्रकारिता पुरस्कारबाट खेमराज पाण्डे र विनोद श्रेष्ठले स्थापना गरेको पुतली देवी/रुपनारायण स्मृति पत्रकारिता पुरस्कारबाट शोभाकान्त पाठक पुरस्कृत भएका छन् । प्रेस चौतारी पाल्पाले पत्रकारितामा निरन्तर सक्रिय रहेका पत्रकारहरुलाई वार्षिकरुपमा पुरस्कृत गर्दै आएको छ । यसैगरी प्रेस चौतारीलाई संस्थागत रुपमा सहयोग गरेकोमा तानसेन नगरपालिकाका पूर्व नगरप्रमुख अशोककुमार शाही, पूर्वखोला गाउँपालिकाका अध्यक्ष नुनबहादुर थापा र रम्भा गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीलाई सम्मान गरेको छ । यसैगरी पत्रकार महासंघमा निर्वाचित कमलराज तिमिल्सेनाको नेतृत्वमा निर्वाचित सबै पदाधिकारी, कार्यसमिति सदस्य र पाल्पाबाट प्रतिनिधित्व गर्ने प्रदेश सदस्यहरुलाई प्रेस चौतारी पाल्पाले सम्मान गरेको छ ।

बधाई तथा सम्मान कार्यक्रममा लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले राम्रो काम र कर्म गरे सम्मान हुने अवसर सबैको आउने बताए । स्वास्थ्यमन्त्री सारुले विचार आ-आफ्नो भए पनि समाचार निष्पक्ष, बस्तुनिष्ट, सन्तुलित हुनुपर्नेमा र गलतलाई, गलत हो भन्ने हिम्मत र शाहस पत्रकारमा हुनुपर्नेमा जोड दिए ।

प्रेस चौतारीका केन्द्रीय सचिव प्रदिप आचार्यले प्रेस चौतारी पाल्पा शाखा देशकै नमूना शाखा भएको र सबैलाई बाटो देखाउने काम गरेको बताए ।

कार्यक्रममा प्रदेश सांसद राजुप्रसाद श्रेष्ठले अहिले मिस इनफरमेसन, डिस इनफरमेसन र फेक इनफरमेसनको कारण राजनीतिकदलदेखि पत्रकारहरुसम्मलाई चुनौतीको विषय बनेको बताए। वरिष्ट पत्रकार मेघराज शर्माले सबैले इमान्दार भएर काम गर्नुपर्नेमा जोड दिए। जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले सबैपक्षले आत्मअनुशासनमा बसेर काम गरेमा देशले चाँडै फड्को मार्ने बताए ।

कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, नेकपा एमालेका जिल्ला अध्यक्ष ओमबहादुर घर्तीमगर, नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक राजेन्द्र वि.क., राष्ट्रिय स्वतन्त्र पार्टीका दिलिप घिमिरे, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष डुलबहादुर कुँवर, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, लुम्बिनी सञ्चार समन्वय परिषद्का अध्यक्ष यम गाहा मिलन, तानसेन नगरपालिकाका पूर्व प्रमुख अशोककुमार शाही, प्रेस चौतारी इञ्चार्ज राजेशकुमार अर्याल, पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्याललगायतले पुरस्कृत र सम्मानितहरुलाई बधाई दिँदै सबैले आ-आफ्नो जिम्मेवारी र भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका थिए ।

प्रेस चौतारी पाल्पाका अध्यक्ष कृष्ण कार्कीको अध्यक्षतामा भएको बधाई तथा सम्मान कार्यक्रम, पुरस्कार छनोट समितिका संयोजक एंव निवर्तमान अध्यक्ष राजेन्द्र लिगलको स्वागत र सचिव नारायण न्यौपानेको सञ्चालनमा भएको थियो ।

## Satyawati Rural Municipality
## Office of Rural Municipal Executive
### Johang, Gulmi

# Invitation for Bids

First date of publication: 28th Poush, 2081 (12th January, 2025)

1. Office of Satyawati Rural Municipality, Johang, Gulmi invites electronic bids for Works from eligible bidders under National Competitive Bidding procedure.

| S. No. | Contract Identification No. | Name of Project | Estimate Amount (Including VAT & PS ) NRs. | Bid security amount NRs. | Bid document fee (Non – refundable) NRs. |
|---|---|---|---|---|---|
| 1 | SRM/Building/W/SQ/01-2081-082 | Aslewa Swasthe Chauki Nirman satyawati gaunpalika 1 | 12,44,271.63 | 35000.00 | 1000 |
| 2 | SRM/Building/W/SQ/02-2081-082 | Johang Primary Health Center Pujigat Sudhar (Construction of Toilet) | 14,58,340.28 | 40,000.00 | 1000 |

2 .Eligible Bidders may obtain further information and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp

3.The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 PM on Magh 14, 2081 (27th January 2025) at the office of Satyawati Rural Municipality, Office of Rural Municipal Executive, Johang, Gulmi.

| Information to deposit the cost of bidding document in Bank: | Information to deposit the cost of Bid Security in Bank |
|---|---|
| Name of the Bank:: Kumari Bank Limited<br>Name of Office: Satyawati Rural Municipality<br>Account Name: Ga 1.1 ANTARIK RAJASWA KHATA<br>Account No. : 2690247957400010 | Name of the Bank: Kumari Bank Limited<br>Name of Office: Satyawati Rural Municipality<br>Account Name:Ga 3 DHARAUTI K SATYAWATI<br>Account No. : 2690247957400003 |

Chief Administrative Officer

## Butwal SubMetropolitan City
### Office of the Municipal Executive
Butwal, Rupandehi
Lumbini Province, Nepal

# Invitation of Bid

Date of Publication: 2081/09/28 B.S.

1.Butwal Sub-Metropolitan City, Butwal, Rupandehi, invites bids from eligible and qualified bidders for the following supply of goods.

| S. N | Contract No. | Description of works | Estimate Amount (excluding VAT) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | 37/081-82/ BSMC/ Goods/ NCB | Supply and Delivery of Electronics Item | 41,17,647 | 1,20,000 | 3,000 | 2081/10/29 B.S Time upto 12.00hrs | 2081/10/29 B.S. Time at 13.00 hrs |

2. Information to deposit the cost of bidding document and bid bond by cash is:

| | | |
|---|---|---|
| Office Name | Butwal SubMetropolitan City, Butwal | |
| Office Code No. | 801054801 | Rastriya Banijya Bank, Butwal |
| AccountHead | 14229 | |
| ForTenderfeeDeposit | Sutrarevenue.fcgo.gov.np | |

3. Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) only.
4. Pre-bidMeeting shall be held at Store Section, Date: 2081/10/15, Time 13:00 hrs
5. Any Condition so far not cover shall be as per Public Procurement Act 2063 (including all amendment), and Public Procurement Regulation 2077 of Butwal Sub Metropolitan City. Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.
6. Butwal Sub-Metropolitan City, Butwal, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

Procurement Unit
Butwal Sub-Metropolitan City

## लुम्बिनी प्रदेश सरकार
## शहरी विकास तथा खानेपानी मन्त्रालय
# खानेपानी तथा सरसफाइ कार्यालय, गुल्मी

# सप्लाइ कार्य र विद्युतीय कार्यको सिलबन्दी दरभाउपत्र तथा बोलपत्र सम्बन्धी सूचना

www.bolpatra.gov.np/egp मा पहिलो पटक प्रकाशित मिति : २०८१/०९/२८

खानेपानी तथा सरसफाइ कार्यालय गुल्मीद्वारा आ.ब.२०८१/०८२ मा संचालित विभिन्न खानेपानी तथा सरसफाइ आयोजनाहरुमा तपशिलको सप्लाई कार्य खुल्ला प्रतिस्पर्दाबाट e-bidding मार्फत गराउनु पर्ने भएकाले इच्छुक रित पुगेका नेपाली उत्पादक कम्पनी, सप्लायर्स वा फर्महरूबाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहने गरी छुट्टा छुटै e–bidding मार्फत www.bolpatra.gov.np/egp सिलबन्दी दरभाउपत्र तथा बोलपत्र आवहान गरिन्छ। बोलपत्रको लागी Pre–Bid Meeting मिति २०८१/१०/१८ गते दिउसो १:०० बजे तथा बोलपत्र दाखिला अन्तिम मिति २०८१/१०/२९ गते १२:०० बजे सम्म रहनेछ। म्याद भित्र पेश भएका बोलपत्र मिति २०८१/१०/२९ गते १:०० बजे खोलिनेछ। सिलबन्दी दरभाउपत्र दाखिला अन्तिम मिति २०८१/१०/१४ गते १२:००बजे सम्म रहनेछ। म्याद भित्र पेश भएका सिलबन्दी दरभाउपत्र मिति २०८१/१०/१४ गते १:०० बजे खोलिनेछ। विस्तृत जानकारीका लागी ppmo को website मा राखीएको सुचना हेर्नुहुन वा कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।

| क्र.स. | ठेक्का नं | कामको विवरण | बोलपत्र दस्तुर रु. | ल.ई रकम (भ्याट बाहेक)रु. | जमानत रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १ | WSSDO/Gulmi/NCB/G/०८१-८२/०४ | HDPE Pipe खरिद तथा सप्लाइ कार्य | ३०००.०० | ३१,८१,०१३.४८ | ९०,०००.०० | |
| २ | WSSDO/Gulmi/NCB/G/०८१-८२/०५ | HDPE Pipe खरिद तथा सप्लाइ कार्य | ३०००.०० | ३२,३९,१६८.७२ | ९२,०००.०० | |
| ३ | WSSDO/Gulmi/SQ/G/०८१-८२/०६ | HDPE Pipe खरिद तथा सप्लाइ कार्य | १०००.०० | १०,४९,९८८.४० | ३०,०००.०० | |
| ४ | WSSDO/Gulmi/NCB/G/०८१-८२/०७ | GI Pipe खरिद तथा सप्लाइ कार्य | ३०००.०० | २७,६३,०९६.०० | ७८,५००.०० | |
| ५ | WSSDO/Gulmi/NCB/W/०८१-८२/०८ | विधुतीय कार्य | ३०००.०० | ३३,०१,७५५.८९ | ९५,५००.०० | |

**कार्यालय प्रमुख**

राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिताः

# लुम्बिनी प्रदेशबाट प्यारामाउन्ट च्याम्पियन




बुटवल । ई-प्लानेट नेसनल हाई स्कुल टी टेन क्रिकेट च्याम्पियनसिपको लुम्बिनी प्रदेश छनोट प्रतियोगिताको उपाधि प्यारामाउन्ट बोर्डिङ हाइस्कुलले जितेको छ।

छनोटको उपाधिसहित प्यारामाउन्टले ५० हजार रुपैयाँ नगद पुरस्कार पनि प्राप्त गरेको छ।

लुम्बिनी प्रदेश छनोट प्रतियोगितामा शान्ति नमूना, कान्ति, प्यारामाउन्ट, न्यू होराइजन, अक्सफोर्ड, होराइजन गौतमबुद्ध, सेन्ट जोसेफ र एभरेस्ट बोर्डिङ गरी ८ विद्यालयका टिमले प्रतिस्पर्धा गरेका थिए।

तिलोत्तामास्थित नव जीवन क्रिकेट मैदानमासम्पन्न फाइनलमा प्यारामाउन्टले एभरेस्ट बोर्डिङ स्कुललाई ८ विकेटले पराजित गरी च्याम्पियन भएको हो । जितको लागि पाएको ६३ रनको लक्ष्य उसले ७. १ ओभरमा पूरा गरेको थियो । प्यारामाउन्टको ब्याटिंगमा सन्देश पन्थीले सर्वाधिक ४१ रन योगदान दिए। यस अघि टस हारेर ब्याटिङ गरेको एभरेस्टले निर्धारित १० ओभरमा ९ विकेट गुमाएर ६२ रन बनाएको थियो । उसको लागि रवि यादवले सर्वाधिक १६ रन योगदान दिए। प्यारामाउन्टको बलिंगमा प्लेयर अफ द म्याच समेत घोषित शिव कुँवरले ४ विकेट लिए जुन क्रममा २ ओभरमा १ मेडन गर्दै मात्र ६ रन खर्चिए।

आगामी माघ २३ गतेदेखि काठमाडौंको मुलपानी क्रिकेट मैदानमा आयोजना हुने च्याम्पियनसिपको लागि सातवटै प्रदेशमा छनोट प्रतियोगिता भइरहेको छ।

माघ २३ देखि २६ गतेसम्म राष्ट्रिय फाइनल काठमाडौंमा आयोजना हुने तालिका छ।

# पाल्पामा पृथ्वीजयन्ती मनाइयो



पाल्पा। ३०३औं पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस पाल्पामा पनि मनाइएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले तानसेनमा एक कार्यक्रम गरी पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस मनाएको छ। राप्रपा पाल्पाले सबै राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु, नागरिक समाज, पत्रकार, स्थानीय व्यक्ति, जनप्रतिनिधिहरुको सहभागितामा पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस मनाएको हो।

पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा राप्रपा केन्द्रिय कार्यसम्पादन सदस्य नारायण कोइरालाले श्री ५ पृथ्वीनारायणले टुक्रे राज्यहरुलाई एकीकरण गरी नेपाल निर्माण गरेकोले आज हामी सबै नेपाली भएर बाँच्ने अवसर प्राप्त भएको बताए । पृथ्वीनारायण शाहले एकीकरण अभियान नथालेको भएर आज हामी नेपाल भनेर भन्न नसक्ने अवस्थामा हुने थियौं, त्यसैले यस्ता महान व्यक्तिलाई देशले सधैं सम्झिरहनु पर्नेमा कोइरालाले जोड दिए । अहिले पृथ्वीनारायण शाहका दिव्य उपदेश निकै देश काल परिस्थितिअनुरुप रहेकोले, दिव्य उपदेशहरुलाई सरकारले मनन गरेर, परराष्ट्र क्षेत्रका काम गरी सन्तुलन व्यवहार गर्नुपर्ने राप्रपा कार्यसम्पादन सदस्य कोइरालाले बताए।

पृथ्वीनारायण शाहले नेपाल निर्माणमा गरेको योगदान सबै पक्ष र पुस्तामा जानकारी गराउन, आफ्नो देश, स्थानप्रति माया ममता जगाउन दिव्य उपदेशबारे छलफल विमर्श गर्न राप्रपाले प्रत्येक वर्ष पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस मनाउँदै आएको राप्रपा जिल्ला अध्यक्ष डुलबहादुर कुँवरले बताए । दिवसका सहभागी सबैले पृथ्वीनारायण शाहको फोटोमा माल्यार्पण गरेका थिए, यस वर्ष सरकारीस्तरबाट भने पाल्पामा पृथ्वीजयन्तीमा कुनै औपचारिक कार्यक्रम भएको पाइएन।

# राष्ट्रपति रनिङ शिल्ड सुरु

भैरहवा। रुपन्देहीको सिद्धार्थनगर नगरपालिका (भैरहवा) मा शनिबारदेखि भव्यताका साथ चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको छ।

प्रतियोगिताको उद्घाटन गर्दै जिल्ला समन्वय समिति रुपन्देहीका सयोंजक उमाकान्त चपाईंले मुलुकलाई चिनाउने पहिलो माध्यम अहिले खेलकुद बनेको उल्लेख गर्दै खेल क्षेत्रको विकासकालागि सवै पालिकाहरुले लगानी वृद्धि गर्नुपर्ने बताए। पछिल्लो समय पालिकाहरुले खेल क्षेत्रलाई पनि प्राथमिकतामा राख थालेको उल्लेख गर्दै उनले यो सकारात्मक भएको बताए।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले स्वस्थ्य शरीरबाट मात्रै स्वस्थ्य मतिष्कको विकास हुनेहुँदा विद्यार्थीको सर्वांगिक विकास गर्न प्रतियोगिता आयोजना रिएको बताए । विद्यालयस्तरमा रहेका प्रतिभालाई छनौट गरी उत्कृष्ट खेलाडीहरुलाई जिल्लास्तरीय हुँदै प्रदेश र राष्ट्रिय प्रतियोगितामा समावेश गराउने प्रतियोगिताको उद्देश्य रहेको उनले जानकारी दिए।

उप-प्रमुख उमा अधिकारीले खेलले विद्यार्थीलाई लनसिशल र अनुसासित बनाउने चर्चा गर्दै अनुशासनलेनै मानिसलाई सफल बनाउने बताइन् । तीन दिनसम्म चल्ने उक्त प्रतियोगितामा नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सहभागिता रहेको छ। खेल उद्घाटन पूर्व विद्यार्थीहरुले पक्लिहवा माध्यमिक विद्यालयको खेल मैदानमा झाँकीसहितको मार्चपास गरेका थिए । मार्चपासका अमर ज्योति माध्यमिक प्रथम, मुनलाई मावि द्वितीय र सुसंस्कृत मावि तृतीय भएका थिए। उनीहरुलाई मेडल र प्रमाण पत्र प्रदान गरिएको थियो । प्रतियोगिता सिद्धार्थनगर नगरपालिका वडा नम्बर १ स्थित पक्लिहवा माध्यमिक विद्यालयमा, पक्लिहवा कृषि क्याम्पस र वडा नम्बर ५ स्थित भैरहवा नमूना माध्यमिक विद्यालयको खेलमैदानमा भैरहेका छन्। प्रतियोगिताअन्तरगत तेक्वान्दो, एथलेटिक्स, कबड्डी र भलिबल खेल हुनेछन् । भलिबलतर्फ १९ विद्यालयका छात्रहरुको १६ र छात्राहरुको १६ टीमको सहभागिता रहेको युवा, शिक्षा तथा खेलकुदा शाखाका प्रमुख चेतनसिश लम्सालले जानकारी दिए । त्यस्तै कबड्डीतर्फ १३ विद्यालयका छात्रहरुको ११ टीम र छात्राहरुको १० टीमको सहभागिता रहेको छ । तेक्वान्दोतर्फ १५ विद्यालयका छात्रतर्फ १० र छात्रातर्फ १२ टीमको सहभागिता छ। एथलेटिक्सतर्फ २० विद्यालयका छात्रहरु ३ सय ८० र छात्राहरु ३ सय ८० जनाको सहभागिता रहेको छ। प्रतियोगिता अवधिभर ४२ वटा इभेन्टमा खेल हुनेछन्। प्रतियोगितामा २७ विद्यालयका ६ सय ५० छात्र र ६ सय ३९ छात्रा गरी १ हजार २ सय ८९ जना विद्यार्थीहरुको सहभागिता रहनेछ। सबै ईभेन्टतर्फ प्रथम, द्वितीय र तृतीयलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिने र प्रतियोगिताको कुल खर्च ६ लाख रहेको नगरपालिकाका शिक्षा अधिकृत जानवी पाण्डेले बताइन्।

कार्यक्रममा वडा नं. ६ का वडाध्यक्ष विरेन्द्र श्रीवास्तव, शिक्षा समिति सदस्य मोतीलाल सुवेदी, गोकुल पोखरेल, बेलहिया माध्यमिक विद्यालयका प्रधानाध्यापक विना भण्डारीलगायतले बोलेका थिए। प्रतियोगिता सञ्चालनका लागि तेक्वान्दोतर्फ दीपेन्द्र बुढाप्रिथि, एथलेटिक्सतर्फ मोहन घले, कबड्डीतर्फ महेन्द्रबहादुर सुनार र भलिबलतर्फ दिनेश आचार्यलाई संयोजक तोकिएको छ







Provincial Government

Lumbini Province

Ministry of Energy,Water Resources and Irrigation

Water Resources and Irrigation Development Division Office

Gulmi,Nepal

**Invitation for Electronic Bids and Sealed Quotations**

Date of Publication: 2081-09-28 (12th Jan, 2025)

WRIDDO, Gulmi invites electronic Bids and sealed quotationsfrom eligible bidders for the Work as mentioned in table below underUnder Sealed Quation. For further information visit PPMO's website www.bolpatra.gov.np/egp.

Description of Projects

| S.No. | Package no./ Contract No. | Estimated without VAT (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| First notice | | | | |
| 1 | WRIDDO/GULMI/NCB-10/081/82 | 2,138,792.98 | 60,000.00 | 3,000.00 |
| 2 | WRIDDO/GULMI/NCB-11/081/82 | 3,422,015.21 | 96,000.00 | 3,000.00 |
| 3 | WRIDDO/GULMI/SQ-031/081/82 | 427,518.22 | 12,000.00 | 1,000.00 |
| 4 | WRIDDO/GULMI/SQ-032/081/82 | 428,127.83 | 12,000.00 | 1,000.00 |
| 5 | WRIDDO/GULMI/SQ-033/081/82 | 597,267.72 | 16,000.00 | 1,000.00 |
| 6 | WRIDDO/GULMI/SQ-034/081/82 | 602,793.12 | 17,000.00 | 1,000.00 |
| Second notice | | | | |
| 1.00 | WRIDDO/GULMI/SQ-021/081/82 | 1,540,487.94 | 43,000.00 | 1,000.00 |
| 2.00 | WRIDDO/GULMI/SQ-023/081/82 | 1,068,688.67 | 30,000.00 | 1,000.00 |
| 3.00 | WRIDDO/GULMI/SQ-027/081/82 | 1,070,850.04 | 30,000.00 | 1,000.00 |
| 4.00 | WRIDDO/GULMI/SQ-028/081/83 | 857,038.83 | 24,000.00 | 1,000.00 |

Acting Division Chief



आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदूर संघको भवनमा

फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३१५७

E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०





सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा

प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com